# लोक सेवा आयोग
## केन्द्रीय कार्यालय, कमलपोखरी
### प्रशासन तथा निरीक्षण शाखा
### सवारी साधन कार खरिद सम्बन्धी बोलपत्र आह्वान
**सूचना नं. २७८/०६५-६६**

**प्रकाशित मिति २०६५।११।१४ गते**

यस आयोगका लागि आवश्यक सवारी साधन कार शिलबन्दी बोलपत्रद्वारा खरिद गर्न परेकोले मूल्य अभिवृद्धि कर तथा आयकर प्रमाणपत्र भएका इच्छुक अधिकृत बिक्रेता तथा कम्पनीहरुसंग यो सूचना गोरखापत्रमा प्रकाशित भएको मितिले ३० दिन भित्र यस आयोगमा देहाय बमोजिम रित पूर्वकको शिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

## बोलपत्र सम्बन्धी विवरण

(१) कार स्वीकृत स्पेशिफिकेशन बमोजिम निम्न अनुसार हुनेछ।
  (क) कार ७९० सी.सी. देखि १२०० सी.सी. सम्मको ४ (चार) थान
  (ख) सीट संख्या ड्राइभर सहित कम्तीमा ४(चार) जना।

(२) बोलपत्र फाराम रु. १०००।- (फिर्ता नहुने) आयोगको केन्द्रीय कार्यालय, कमलपोखरी वा आयोगको मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, अनामनगर बिक्री काउण्टरमा जम्मा गरी सो को सक्कल भौचर पेश गरेपछि प्राप्त गर्न सकिनेछ।

(३) बोलपत्र साथ आफूले कबुल गरेको कूल अङ्कको २.५ प्रतिशत रकम नेपाल राष्ट्र बैंक, थापाथलीमा रहेको यस आयोगको धरौटी खाता नं १३१४४६।०६५ मा नगद जम्मा गरेको सक्कल भौचर वा बाणिज्य बैंकले जारी गरेको सो रकम बराबरको बैंक जमानत पेश गर्नुपर्ने छ।

(४) बोलपत्र साथ अधिकृत प्रतिनिधि बिक्रेताको र आयकर एवं मूल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्रको नविकरण भएको प्रतिलिपि समेत संलग्न हुनु पर्नेछ र सिलबन्दी बोलपत्र आयोगको केन्द्रीय कार्यालय, कमलपोखरीमा मात्र दर्ता गर्न पाइनेछ।

(५) म्याद भित्र पर्न आएका बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२.०० बजे यस आयोगमा खोलिनेछ। सो दिन विदा परे सो को भोलिपल्ट सोही समयमा खोलिनेछ।

(६) बोलपत्र दाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

(७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ।

(८) सवारी साधनको विस्तृत स्पेशिफिकेशन बोलपत्र फारामसाथ प्राप्त हुनेछ।

(९) रीत नपुगी र म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन।

(१०) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा सुरक्षित रहनेछ।

(११) स्वीकृत बोलपत्र दाताले स्वीकृत कबुल अंकको ५ प्रतिशत रकम यस आयोगको उल्लेखित धरौटी खातामा रकम जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्ने।

(१२) माथि नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार हुनेछ।

(१३) अन्य केही कुरा बुझ्नु परेमा यस आयोगको प्रशासन तथा निरीक्षण शाखामा सम्पर्क गरी जानकारी लिन सकिनेछ।